निर्णयहरू

१. मिति २०८१।६।७ गतेको सचिव बैठकबाट भएका निर्णयलाई तदारुकताका साथ कार्यान्वयन गरी सो को प्रतिवेदन समयमै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

२. राष्ट्रिय सतर्कता केन्द्रले हेलो सरकारमा परेका उजुरी अध्ययन गरी सम्वेदनशील कार्यालयहरूमा हुनसक्ने भ्रष्टाचारजन्य कार्यको निगरानी गर्ने। साथै, सबै निकाय/कार्यालयहरूमा कर्मचारीको उपस्थिति र अनुशासन एवं सेवाप्रवाहको अनुगमन गरी सोको प्रतिवेदन मासिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

३. आयोजनामा देखिएको दोहोरोपना हटाउने एवं पूर्व तयारी तथा प्रतिवेदन गर्ने कामलाई प्रभावकारी बनाउने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरिएको विकासको गति र संस्कार सुधारको लागि आयोजना तर्जुमा खाका (Project Planning Template) लाई सबै मन्त्रालय/निकायले कार्यान्वयन गर्ने गराउने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विकसित गरिएको क्यु आर कोड मार्फत फाइल ट्र्याकिङ गर्ने प्रणालीलाई परीक्षणको रूपमा प्रयोगमा ल्याउने र सो को पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जन गरी सबै निकायले प्रयोग गर्ने व्यवस्था मिलाउने।

५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले एकीकृत डाटा व्यवस्थापन केन्द्र (IDMC) मा आवश्यक स्थायी दरबन्दी थप गरी केन्द्रको स्तरोन्नती गर्ने एवं सो निकायलाई सक्रिय गराई सूचना प्रविधिको माध्यमबाट सेवाप्रवाह र कार्यसम्पादन गर्ने प्रणालीलाई मजबुत बनाउने र हाल प्रयोगमा रहेका सफ्टवेयरको स्तरोन्नती गर्ने कार्यलाई अगाडि बढाउने।

६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विकास गरी प्रयोगमा ल्याएको एकीकृत वेबसाइट व्यवस्थापन प्रणालीलाई सबै सरकारी निकायले प्रयोग गर्ने। सरकारी कार्यालयको वेबसाइटमा एकरुपता कायम गराउने एवं अद्यावधिक गराउने। सरकारी इमेलको प्रयोग एवं सोको सुरक्षाका लागि एकीकृत सरकारी इमेल प्रणालीमा हाल देखिएका समस्या समाधान गर्न अपनाउनु पर्ने रणनीतिका सम्वन्धमा सुझाव दिन देहायबमोजिमको कार्यदल गठन गर्ने। कार्यदलको सुझाव सहितको कार्ययोजना तयार गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आगामी सचिव बैठकमा पेश गर्ने।

मुख्य सचिव

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं

देहायः

| | |
|---|---|
| सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | संयोजक |
| महाशाखा प्रमुख, सूचना प्रविधि महाशाखा, प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय | सदस्य |
| महानिर्देशक, सूचना प्रविधि विभाग | सदस्य सचिव |

७. द्रुतगतिमा विपद् राहत, अस्थायी आवास एवं संरचना निर्माण तथा पुनर्निर्माणका कार्यलाई अगाडि बढाउन सम्बन्धित सबै निकायले प्रभावकारी रूपमा काम गर्ने। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को मिति २०८१/०७/०२ मा सम्पन्न बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति तत्काल र निरन्तररूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई उपलब्ध गराउने।

८. विभिन्न विषयहरु अध्ययन गरेका विश्वविद्यालयका स्नातकहरुलाई सार्वजनिक सेवामा इन्टर्नसिप गराउन एक स्तरीकृत ढाँचा (Standard Format) निर्माण गर्न १० दिनको समयावधी दिइ देहाय बमोजिमको एक कार्यदल गठन गर्ने।

देहायः

| | |
|---|---|
| सचिव, विकास व्यवस्थापन क्षेत्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | संयोजक |
| सचिव राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| सचिव,कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव,भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| सचिव,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| महानिर्देशक, सूचना प्रविधि विभाग | सदस्य-सचिव |

२०८१/७/५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं